# स्थानीय राजपत्र

**केराबारी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड ३, संख्या ३, २२ माघ, २०७६**

## भाग-२

# केराबारी गाउँपालिकाको भकारो सुधार कार्यक्रम संचालन कार्यबिधि, २०७६

स्वीकृत मितिः २०७६।१०।२२

प्रमाणित मितिः२०७६।१०।२२

**पृष्ठभूमी :** नेपाल भौगोलिक रुपमा बिकट पहाडी मूलुक भएको र कृषि प्रधान मुलुक भएको परिप्रेक्ष्यमा माटोको उर्बरा शक्ति कायम गरि दिगो कृषि विकास गरि खाद्यान्नमा आत्मनिर्भर गर्ने कार्य चुनौतिपुर्ण रहेको छ। यस चुनौतिको सामना गर्न बिरुवालाई आवश्यक खाद्यतत्व प्रर्याप्त

मात्रामा पुर्ति गर्न प्राङ्गारिक र रसायनिक श्रोत भएको र बर्षेनी कृषकहरु रसायनिक मल समयमा उपलब्ध नहुनु, त्यसमा पनि पहाडी जिल्लाहरुमा रसायनिक मल ढुवानीमा समस्या पर्नुका साथै महंगो पर्ने भएकोले मध्य पहाडि जिल्लाहरुमा अभियानमुलक भकारो सुधार कार्यक्रम संचालन गरि प्राङ्गारिक मलको गुणस्तर विकास गर्न अति आबश्यक भएको छ। दिगो रुपमा माटोको उर्बरा शक्ति कायम राख्न परम्पारागत तरिकामा उत्पादन भैरहेको प्राङ्गारिक मलको मुख्य श्रोत गाई, बस्तुको मल मूत्र नै हो। गाई बस्तुको मल तथा मूत्रमा भैरहेको खाद्यतत्वलाई बचाउन र गुणस्तर बृद्धि गर्न भकारो सुधार एक प्रमुख कार्य भएको र यस अभियानबाट प्रङ्गारिक अभियानमा समेत महत्वपुर्ण योगदान दिन सक्ने भएको यथार्ततालाई समेत मध्यनजर गरि यो प्रस्ताब सहयोगी हुने भएको र बर्तमान समयको माग अनुरुपको उत्पादन गर्न तथा रसायनिक प्रभावबाट केहि हद सम्म मुक्त गरि पर्यावरण तथा वातावरणमा समेत महत्वपुर्ण भूमिका खेल्ने भएकोले केरावारी गाँउपालिकाको गाउँकार्यपालिकाले देहायको कार्यविधि स्वीकृत गरि लागू गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम “केरावारी गाउँपालिकाको भकारो सुधार कार्यक्रम संचालन कार्यबिधि, २०७६” रहेको छ।

(२) यो कार्यविधि केरावारी गाँउपालीकाबाट स्वीकृती भएको मिति बाट प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :-

(क) “क्लस्टर ( Cluster )” भन्नाले एउटै क्षेत्र भित्र एक वा दुई जोडिएका वडाहरु अन्तर्गतको कृषकहरुको समूह/कृषि सहकारी वा ब्याक्तीगत फर्म सम्झनु पर्छ।

(ख) “कृषि विकास समिति ”( ADC ) भन्नाले केरावारी गाँउपालीकामा कृषि विकासको अवधारणा बमोजिम पालीका स्तरमा निक्षेपित कृषि बिकास सम्बन्धि कार्यक्रम संचालनमा सहजिकरणका लागि गठित समिति सम्झनु पर्छ।

(ग) “कार्यालय” भन्नाले केरावारी गाँउपालीकाको कार्यालय सम्झनु पर्छ।

(घ) "शाखा" भन्नाले केरावारी गाउँपालिकाको कषि विकास शाखा सम्झनुपर्छ ।

**३.कार्यक्रम संचालनको उद्देश्य** : यस कार्यबिधि अनुसार कार्यक्रमको देहाय बमोजिम उद्वेश्य हुनेछ। (क) गुणस्तरिय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्रांगारिक उत्पादनलाई जोड दिने ,

(ख) रसायनिक मलको प्रयोग कम गरि कृषि उत्पादन लागत घटाउने ,

(ग) दिगो कृषि विकास गरि खाद्य सुरक्षामा योगदान पुऱ्याउने ।

## परिच्छेद -२
## कार्यक्रम संचालन प्रकृया

**४. कार्यक्रम संचालन गरिने स्थान छनौट** : केरावारी गाँउपालीकाको बार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ । आ.ब. २०७६/७७ को लागि केरावारी गाँउपालीकाबाट कार्यक्रम संचालनका लागि छनौट भएका वडाहरु अनुसुचि-१ बमोजिम छन् ।

**५. कार्यक्रम संचालन गरिने संख्या निर्धारण :** केरावारी गाँउपालीकाको बार्षिक स्विकृत कार्यक्रम र केरावारी गाँउपालीकालाई संघिय सरकारवाट प्राप्त कृषि तर्फको सशर्त कार्यक्रममा उल्लेख भए बमोजिम हुनेछ । आ.ब. २०७६/७७ को लागि केरावारी गाँउपालीकाबाट कार्यक्रम संचालनका लागि निर्धारण भएका संख्याहरु अनुसूची १ वमोजिम हुनेछ ।

**६. कार्यक्रम संचालनका लागि वडा छनौट तथा कृषक छनौटका आधार र संचालन प्रकृया देहाय बमोजिम हुनेछ :**

(क) कार्यक्रम संचालनका लागि केरावारी गाँउपालीकाको वडाहरुको छनौट गाँउपालीकाको कृषि बिकास शाखाले गर्नेछ ।

(ख) वडा कार्यालयको क्षेत्रको छनौट अनुरुप वडा कार्यालयको समिति तथा गैह्र सरकारी संस्थाको लगानि बाट भकारो सुधार कार्यक्रम संचालनमा प्रतिबद्धता गर्ने गाउँपालिका भित्रका वडा समितिलाई प्राथमिकता दिई छनौट गरिने छ ।

(ग) गाँउपालीका भित्रका वडाहरुको छनौट पस्चात कार्यक्रम संचालनका लागी पालीका स्तरमा गठीत कृषि विकास समिती मार्फत वा कृषि विकास समिति नभए आर्थीक विकास समिति बाट गरिनेछ । सोहि समिती मार्फत भकारो सुधारका लागि घरधुरिको छनौट गरिनेछ । घरधुरि छनौट गर्दा पशुपालन तथा ब्यबसायिक कृषि पकेट क्षेत्र लाई लक्षित गरि गरिनेछ ।

(घ) कृषक घरधुरिहरुको छनौट केरावारी गाँउपालीकाको आर्थीक विकास समिति/कृषि विकास समितिले वडा कार्यालयका जनप्रतिनिधिहरु संगको सहकार्य बा वडा कार्यालयको सेवा केन्द्रको सहयोगमा क्लस्टर (Cluster ) बनाई एकै ठाउमा पर्ने गरि गर्नु पर्ने छ साथै क्लस्टर नभएमा वा क्लस्टर नहुने गरी आवेदन परेमा कार्यक्रम संचालन गर्न बाधा पर्ने छैन ।

(ङ) छनौट भएका घरधुरिको जानकारि समितिले केरावारी गाँउपालीका/ कृषि विकास शाखामा पेश गर्ने छ । केरावारी गाँउपालीका/ कृषि विकास शाखाले सोको जानकारी सम्बन्धित माटो परिक्षण प्रयोगशाला तथा माटो ब्यवस्थापन निर्देशनालय लाई पठाउनु पर्नेछ ।

(च) क्लस्टर क्षेत्र (Cluster area) मा कार्यक्रम संचालन गर्न चाहने कृषकको संख्या लक्ष्य भन्दा बढि भएको खण्डमा दलित, जनजातिलाई

प्राथमिकता दिई समितिले सिफारिस गरे बमोजिमका कृषकहरुलाई प्राथमिकता दिई सन्चालन गरिने र कृषकको संख्या लक्ष्य भन्दा कम भएको खण्डमा दुई वा सो भन्दा बढी क्लष्टर मिलाई कार्यक्रम संचालन गरिने छ ।

७. **Focal person तोक्नु पर्ने** : भकारो सुधार कार्यक्रमलाई प्रभावकारि रुपमा संचालन गर्न र आबस्यक प्राबिधिक सहयोग गर्नका लागि केरावारी गाँउपालीका कृषि बिकास शाखाले एकजना कृषि प्राविधिक कर्मचारीलाई Focal person को रुपमा तोक्नु पर्ने छ ।

८. **न्युनतम मापदण्ड पुरा हुनु पर्ने** : भकारो सुधार गर्दा कम्तिमा पनि २ वटा पशुका लागि भुँइबाट गहुँत नचुहिने गरी पक्कि गरिनु पर्ने, गहुँत संकलन ट्यांकिको ब्यबस्था हुनु पर्ने र भकारो अर्थात मलखाद फाँक्ने खाडललाई घाम पानीबाट जोगाउनका लागि छानोको ब्यबस्था गरिनु पर्ने कुराहरुलाई आधार मानिने छ ।

९. **अनुदान दिईने रकम ब्यबस्था** : कृषक छनौट गर्न केरावारी गाँउपालीका स्तरिय/कृषि बिकास समिति/आर्थीक विकास समितिको सिफारिसमा छनौट भएका घरधुरिलाई गाँउपालीकाको कृषि बिकास शाखाले मुल्याङ्कन गरि प्रति भकारो सुधारका लागि बढिमा ने.रु १५००० ( पन्द्र हजार मात्र ) अनुदान रकम उपलब्ध गराउने छ। यो अनुदान रकम कुल लागतको बढिमा ७५% मात्र हुनेछ । अन्य रकम साझेदारी कार्यक्रम अन्तर्गत किसानले ब्यहोर्नु पर्ने छ ।

**१०. अनुदान दिईने रकम प्रबाहको ब्यबस्था** : भकारो सुधार कार्य सम्पन्न भएर सम्बन्धित प्राबिधिकले सो को गुणस्तर निरिक्षण गरि सम्बन्धित कृषि बिकास समिति/आर्थीक विकास समितिको को सिफारिस लिई सिफारिस प्राप्त कृषकलाई मात्र केरावारी गाँउपालीका/कृषि बिकास शाखाले अनुदान उपलब्ध गराउँनु पर्नेछ ।

११. कार्यक्रमको अनुगमन ब्यबस्था : कार्यक्रमको प्रभाबकारी कार्यान्वयनका लागि केन्द्रिय स्तरबाट माटो ब्यवस्थापन निर्देशनालय तथा कृषि बिभागबाट, प्रदेश स्तरबाट सम्बन्धित माटो परिक्षण प्रयोगशाला तथा कृषि निर्देशनलयबाट र स्थानिय स्तरमा केरावारी गाँउपालीका कृषि विकास शाखा तथा कृषि सेबा केन्द्र बाट अनुगमन गर्ने ब्यबस्था गरिने छ । सो अनुगमनका लागि प्रति भकारो सुधारको ५ प्रतिशत कन्टीजेन्सी वापतको रु ७५०।- का दरले अनुगमनको लागि वा सो कार्यमा खटिने प्राबिधिकलाई खर्च ब्यबस्थापन गरिने छ ।

१२. निर्देशन दिन सक्ने : कार्यक्रमको सम्बन्धमा आबश्यकता अनुसार कृषि बिकास मन्त्रालय, प्रदेश मन्त्रालय, कृषि विकास निर्देशनालय, केरावारी गाँउपालीकाले अनुगमन निरीक्षण गरी निर्देशन दिन सक्नेछ ।

१३. बाधा अड्काउ फुकाउने : यस कार्यविधि कार्यान्वयनमा अस्पष्ट एबं द्बिविधा उत्पन्न भएमा सो को समाधान केरावारी गाँउ कार्यपालीकाले गर्ने छ ।

# अनुसुचि-१

आ.ब. २०७६/७७ को लागि नेपाल सरकार र केरावारी गाँउपालीकाबाट “भकारो सुधार कार्यक्रम” संचालनका लागि छनौट भएका वडा तथा लक्षित संख्या

| **क्र.सं.** | **वडा कार्यालयहरु** | **लक्षीत संख्या** |
|---|---|---|
| १ | वडा भर | |
| २ | वडा भर | |
| ३ | वडा भर | |
| ४ | वडा भर | |
| ५ | वडा भर | |
| ६ | वडा भर | |
| ७ | वडा भर | |
| ८ | वडा भर | |
| ९ | वडा भर | |
| १० | वडा भर | |

अनुसुची २

मिति : ..................

श्रीमान कार्यालय प्रमुख ज्यू
केरावारी गाँउपालिका मार्फत
कृषि तथा सहकारी शाखा केरावारी मोरङ

विषय : प्रस्ताव पेश गरिएको बारे ।

प्रस्तुत विषयमा केरावारी गाँउपालीका कृषि तथा सहकारी शाखा को मिति .........................को................................................ प्रकाशित सूचना मुताविक म/हामी निवेदकले लागत साझेदारीमा कार्यक्रम सञ्चाालन गर्न ईच्छुक भई आवश्यक कार्वाहीको लागि यो निवेदन पेश गरेको छु ।

निवेदकको

दस्तखत:

मिति :

सम्पर्क नं.

संस्थाको नाम :

स्थायी ठेगाना :

प्रस्तावित कार्यक्रमको नाम :

कार्यक्रम संचालन हुने स्थानको पुरा ठेगाना :

लाभाम्वीत जनसङ्ख्या :

संलग्न कागजातहरुको सूची

| क.स. | संलग्न कागजातहरुको विवरण | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

| | | |
|---|---|---|
| १. प्रस्तावित कार्यक्रमको नाम : | | |
| २. प्रस्तावक/निबेदकको नाम : | | ३. ठेगाना : |
| ४. खेती गरेको क्षेत्रफल : | ४.१ .खेती बिस्तार लक्ष्य : | ५. परियोजना स्थल : |
| ६. सम्बन्धि तालिम लिएको भए : | | |

७. हाल भौतिक पूर्वधार(समुह सहकारी ले फारम भर्दा कृषक नै पिच्छे अलग अलग भर्नु पर्ने छ)

| भौतिक पर्वधार | छ | .छैन | कैफियत |
|---|---|---|---|
| सिचाई सुबिधा | | | |
| नयाँ प्रबधि प्रयोग (टनेल निर्माण, थोपासिंचाइ जडान, मल्चीङ, प्लाष्टीक पोखरी तथा अन्य भए कैफिएतमा खुलाउने) | | | |
| कम्पोष्ट खाडल/भर्मिक बेड/भकारो सुधार/पिसाव संकलन | | | |
| अन्य कृयाकलाप भए (च्याउ घर, मौरी घार, नर्शरी घर) | | | |
| खेती योग्य जमिन क्षेत्रफल कठा | | | |
| हाल उत्पादित कृषिजन्य बस्तु को बिक्रि वितरण गर्ने गरेको छ भने कैफियतमा खुलाउनुहोला | | | |

९. अन्य सुविधा र विकास

| विवरण | संख्या | कैफियत |
|---|---|---|
| गाईबस्तु | | |
| भवनहरु :कार्यालय र स्टोर आदि | | |

| | | |
|---|---|---|
| कृषि औजार उपकरण | | |

**भकारो सुधार कार्यक्रम आवेदन फर्म**

कृषि तथा सहकारी शाखामा माग गरेका कार्यक्रमको विवरण

| क्र.स. | विवरणा | माग परिणाम | प्रति परिणाम अनुमानित लागत रकम | जम्मा अनुमानित लागत रकम | केरावारी गाँउपालिकाले ब्यहोर्ने लागत साझेदारी रकम | उपभोक्ताले ब्यहोर्ने लागत साझेदारी रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |

भावी योजना

| क्र.स. | कामको विवरण/ योजना |
|---|---|
| | |

निबेदकको नाम : छाप

ठेगाना :

सहि :

मेबाईल नं.

आज्ञाले,

पुन्य प्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत